बुटवल उप महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय, बुटवल
*लुम्बिनी बस टर्मिनल संचालन/व्यवस्थापन*
आय ठेक्का सम्बन्धी वोलपत्र आव्हानको सूचना
*प्रथम पटक सूचना प्रकाशित मिति २०७७/०६/०३*

बुटवल उप महानगरपालिकाद्वारा संचालनमा रहेको वडा नं. ०९ स्थित लुम्बिनी वस टर्मिनल, टर्मिनल क्षेत्र भित्र रहेको सार्वजनिक शौचालय तथा पसल कवालहरु समेत समग्रमा एकीकृत प्याकेज (**हाल निर्माणाधीन अवस्थामा रहेको सपिङ्ग कम्प्लेक्स भवन,हाल निर्माणाधिन कम्प्लेक्ससंग जोडिएको कम्प्लेक्स र टर्मिनल भवन वाहेक**) का रुपमा ठेक्का बन्दोवस्त गरी निजी क्षेत्र मार्फत संचालन गराउनु पर्ने भएकोले तोकिएका शर्त, नियम तथा प्रावधानहरुको परिधी भित्र रही उक्त बस टर्मिनल संचालन/ व्यवस्थापनको कार्य गर्न इच्छुक,नेपाल सरकारबाट इजाजत प्राप्त फर्म, कम्पनीबाट (नियमानुसार प्रमाण पत्र नवीकरण भएको) रित पूर्वकको वोलपत्र आव्हान गरी सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएकोछ ।

१) वोलपत्र फारम यो सूचना प्रकाशित भएको मितिले ३० दिनसम्म (मिति २०७७/०७/०३ गते ) कार्यालय समय भित्र वुटवल उप महानगरपालिका नगर कार्यपालिकाको कार्यालय राजश्व शाखावाट रु ३,०००।- ( तीन हजार ) बुझाई (पछि फिर्ता नहुने) खरिद गर्न सकिनेछ ।

२) वोलपत्र फारमलाई सिलवन्दी गरी वाहिर खाममा आय ठेक्का नं. उल्लेख गरी यो सूचना प्रकाशित भएको मितिले एकतिसौं दिन ( मिति २०७७/०७/०४ गते ) दिनको १२.०० बजेसम्म, वुटवल उप महानगरपालिकामा शिलबन्दी बोलपत्र फाराम दाखिला गर्न सकिनेछ । दर्ता हुन आएका शिलबन्दी वोलपत्र सोही दिन, दिनको २.०० बजे खोलिने छ ।

३) वोलपत्र खरिद गर्ने अन्तिम दिन, दाखिला गर्ने तथा खोल्ने अन्तिम दिन बिदा परे त्यसपछि कार्यालय खुलेको दिन खरिद गर्ने र सोको भोली पल्ट दाखिला गर्ने तथा खोल्ने कार्य हुनेछ ।

४) वोलपत्रदाताले वोलपत्र साथ आफुले कबोल गरेको कुल ठेक्का अंकको ५ प्रतिशतले हुने रकम बु.उ.म.न.पा.का.को नाममा रा.वा.बैंक खस्यौली शाखामा रहेको धरौटी खाता नं. ३१२०१००३०३००००२ मा जम्मा गरेको संक्कलै बैंक भौचर वा बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मितिले कम्तीमा ९० दिन म्याद भएको वुटवल उप महानगरपालिकाको नाममा जारी गरिएको बैंक जमानी पत्र (बिड बण्ड) पेश गर्नु पर्नेछ ।

५) वोलपत्र स्वीकृत भए पछि ठेक्का कबोल अंकको ५ प्रतिशतले हुने रकम धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा सो बराबरको कम्तीमा ठेक्का अवधि सम्मको लागि मान्य हुने परफरमेन्स बण्ड पेश गर्नु पर्नेछ ।

६) स्वीकृत बोलपत्र दाताले ठेक्का अंक भुक्तानी गर्दा कुल ठेक्का अंक लाई ६ किस्तामा विभाजन गरी पहिलो किस्ता सम्झौता गर्दाकै बखत, दोश्रो किस्ता रकम २०७७ माघ मसान्त भित्र, तेश्रो किस्ता रकम २०७८ वैशाख मसान्त भित्र, चौथौ किस्ता रकम २०७८ श्रावण मसान्त भित्र, पाचौ किस्ता रकम २०७८ कार्तिक मसान्त भित्र र छैठौ अन्तिम किस्ता रकम २०७८ फागुन मसान्त भित्र वुझाउनु पर्नेछ । तोकिएको समयमा किस्ता रकम नवुझाएमा किस्ता रकम वरावरको रकम वैंक ग्यारेन्टीवाट असुल गर्न सकिनेछ ।

७) ठेक्का सम्झौतापछिको बुझाउन बांकी किस्ता रकम वरावरको २०७९ श्रावण मसान्तसम्म म्याद भएको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ ।

८) कबोल गरेको कुल ठेक्का रकम संझौता गर्दाकै वखत एकमुष्ठ वुझाएमा १० प्रतिशत छुट दिईनेछ ।

९) टर्मिनल सेवा शुल्कको दर लगायतका अन्य शर्त र प्रावधानहरुको विस्तृत विवरण वोलपत्र फारममा दिईएको छ । थप जानकारीका लागि बुटवल उप महानगरपालिका नगर कार्यपालिकाको कार्यालय राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

१०) बोलपत्र फारममा उल्लेखित पसल कवाल बाहेक अन्य व्यवसाय प्रयोजनका लागि कुनै पनि संरचना थप गर्ने वा भुई पेटी वा खुल्ला क्षेत्रमा व्यवसायहरु थप गर्न पाईने छैन । र कुनैपनि ठेला वा अन्य प्रकारका माध्यमवाट थप व्यवसाय गर्ने अनुमति दिन पाइने छैन ।

११) कारण जनाई वा नजनाई वोलपत्र स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार वुटवल उप महानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा सुरक्षित रहनेछ ।

१२) नेपाल सरकारलाई बुझाउनु पर्ने  प्रचलित ऐन नियमानुसारको कर ( मुल्य अभिबृद्धि कर, तथा अन्य कर) बोलपत्र दाता स्वयंले बुझाउनु पर्नेछ ।

१३) अन्य कुराहरु स्थानीय सरकार संचालन ऐन २०७४, सार्वजनिक खरिद ऐन २०६३,सार्वजनिक खरिद नियमावली २०६४, आय ठेक्का वन्दोवस्त गर्ने सम्वन्धि नियमावली २०७६  र प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

तपसिलः

| ठेक्का नं. | कामको बिवरण | न्यूनतम ठेक अंक (सरकारी कर बाहेक) | ठेक्का अवधी |
|---|---|---|---|
| २/०७७/०७८ | लुम्बिनी वस टर्मिनलको, संचालन/व्यवस्थापन समग्र प्याकेज | २,४७,०१०००/०० (दुई करोड सतचालिस लाख एक हजार) | आ.व. २०७७/०७८ र २०७८/०७९ (२०७९ आषाढ मसान्तसम्म) ठेक्का अंक २ आ.व.को कायम गरिएको छ। ठेक्काको कार्यादेश भएपछिको दिनको गणना गरी ठेक्का अंक कायम गरिनेछ । |

बुटवल उप महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय ,बुटवल